०७७-४२०१३६
email: csioarghakhanchi@gmail.com
website csiarghakhanchi.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निदेशनालय
# घरेलु तथा साना उद्योग कार्यालय
अर्घाखाँची

## उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/०८

यस कार्यालयको आ. व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम गरिरहेका उत्कृष्ट उद्यमी छनौट गर्ने सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को परिच्छेद - ६ को दफा ३० बमोजिम उत्कृष्ट उद्यमी सम्मान गर्ने कार्यक्रम रहेको हुँदा यस जिल्लामा उद्यम गरिरहेका तपशिल बमोजिमका योग्यता पुगेका उद्यमीहरुले यस कार्यालयमा उपस्थित भई वा कार्यालयको ईमेल ठेगाना csioarghakhanchi@gmail.com मार्फत यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवेदन पेश गर्नुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल:

| सि. नं. | कार्यक्रमको नाम |
|---|---|
| १. | स्वीकृत कार्यविधिका आधारमा जिल्लाभित्रका उत्कृष्ट उद्यमी सम्मान तथा प्रोत्साहन पुरस्कार |

पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:-

उद्यमीले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ।

- प्रदेशमा स्थायी बसोबास भई अर्घाखाँची जिल्लाभित्र उद्यम गरिरहेको नेपाली नागरिक।
- उद्यमी स्वयम आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको।
- विगत दुई वर्षदेखि निरन्तर रुपमा उद्यम गरिरहेको।
- नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरीक्षण गरेको।
- पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको।

पेश गर्नु पर्ने कागजातहरु:-

उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ।

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- उद्योग दर्ता/ नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
- पछिल्लो वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- पछिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- लक्षित वर्ग समूह खुल्ने निस्सा।
- पछिल्लो तीन वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको स्वघोषणापत्र।
- सम्बन्धित स्थानीय तहको सिफारिस।

पुनश्च:

प्रस्तावको ढाँचा कार्यालयको website: https://csiarghakhanchi.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

- थप जानकारी यस कार्यालयको टेलिफोन नं. ०७७-४२०१३६, ९८४७१०९६१८ मा सम्पर्क प्राप्त गर्न सकिनेछ ।

२०८२/०९/०८

दुर्गा न्यौपाने
उद्योग अधिकृत